# सामाजिक परीक्षकको मन्तव्य

सार्वजनिक निकायहरुले उत्तरदायित्व वहन गर्न एवं अनुमोदित हुन विभिन्न विधिहरुको प्रयोग गरेका हुन्छन् । ती मध्ये एउटा विधि सामाजिक परीक्षण हो । सोहीअनुरुप स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गरी प्राप्त अवस्था दर्शाउनुका साथै सुझाव एवं प्रतिक्रिया उपलव्ध गराउन सामाजिक परीक्षण गरिन्छ । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्थाअनुसार वर्षमा एकपटक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिकभित्र हरेक स्थानीय निकायले सामाजिक परीक्षण गरिसक्नु पर्ने प्रावधान छ । स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ अनुसार स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन कार्यलाई सामाजिक परीक्षण भनिएको छ ।

यसैअनुरुप रेसुङ्गा नगरपालिका, गुल्मीको आर्थिक वर्ष २०७२/२०७३ को सामाजिक परीक्षण सम्पन्न गरिएको छ । नगरपालिका सम्बन्धी विभिन्न ऐन, नियम, निर्देशिकाको अध्ययन, निर्णय पुस्तिका, फाइल तथा प्राप्त सूचनाको अध्ययन विश्लेषण, बैठक, स्थलगत सर्वेक्षण, छलफल, भेटघाट र वृहत् छलफलबाट प्राप्त सुझावलाई समावेश गरी यो प्रतिवेदन तयार पारिएको हो ।

सामाजिक परीक्षणको स्थलगत सर्वेक्षणदेखि प्रतिवेदन तयारीसम्मको काम गर्ने क्रममा मलाई विभिन्न महानुभावहरुबाट महत्वपूर्ण सहयोग प्राप्त भएको छ । विशेष गरी रेसुङ्गा नगरपालिका गुल्मीका कार्यकारी अधिकृत बाबुराम पल्ली, ना.सु. गोपाल पन्थी, नेत्र खनाल, ढुण्डिराज पन्थी, द्रोण घिमिरे, राधिका पाण्डेय लगायत सम्पुर्ण नगरपालिका परिवारलाई सहयोगको लागि धन्यवाद ज्ञापन गर्दछु । यसैगरी एकीकृत ग्रामीण विकास समाजको स्थानीय निकायको कानुनी तथा नीतिगत व्यवस्था पालना अनुगमन कार्यक्रमकी संयोजक भगवती श्रीस लगायत सम्पूर्ण टिमलाई महत्वपूर्ण सहयोगको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । स्थलगत सर्वेक्षणको क्रममा महत्वपूर्ण सूचना दिएर सहयोग गर्नुहुने उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरु र उपभोक्ताहरुलगायत सामाजिक परीक्षणको क्रममा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति आभारी छु । धन्यवाद ।

हीरा कुवँर
सामाजिक परीक्षक

# रेसुङ्गा नगरपालिका गुल्मीको आ.व.२०७२/७३ को सामाजिक परीक्षण प्रतिवेदन

## १. पृष्ठभूमि

कुनै पनि सार्वजनिक निकायले आफुले सम्पादन गरेका कार्यहरुका विषयमा सार्वजनिक उत्तदायित्व वहन गर्नु पर्ने एवं सेवा प्रवाह गर्ने निकायले सेवाग्राहीवाट आफुले गरेका कार्यहरुको अनुमोदन समेत गर्नुपर्ने सर्वमान्य सिद्धान्त हो । सार्वजनिक निकायले उत्तरदायित्व वहन गर्ने एवं अनुमोदित हुन विभिन्न विधिहरुको प्रयोग गरेका हुन्छन् । ती मध्ये एउटा विधि सामाजिक परीक्षण हो । सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो, जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार वर्षमा एकपटक गर्ने प्रावधान भएकोले स्थानीय निकायहरू (जिल्ला विकास समिति, महानगरपालिका,उपमहानगरपालिका, नगरपालिका र गा.वि.स.हरू)ले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिकभित्र सामाजिक परीक्षण गरी सक्नुपर्ने प्रावधान छ । सामाजिक परिक्षण कार्यविधि २०६७ अनुसार सामाजिक परीक्षण भन्नाले स्थानीय निकायको योजना, नीति, कार्यक्रम,आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन कार्य सम्झनुपर्छ ।

### १.१ नगरपालिकाको संक्षिप्त जानकारी

- स्थानीय निकायको नाम : रेसुङ्गा नगरपालिका, गुल्मी
- नेपाल सरकारको २०७१ वैशाख २५ गतेको निर्णयअनुसार नगरपालिका घोषणा
- २०७१ जेठ १ गतेदेखि कार्यालय स्थापना र सञ्चालन
- अवस्थिति : २८॰ १’ उत्तरी अक्षांश र ८३॰ १५’ मिनेट देशान्तर
- क्षेत्रफल ६९.१ वर्ग कि.मि.
- पुर्वमा दरवारदेविस्थान,गौंडाकोट र रेसुङ्गा वन
- पश्चिममा छल्दी र पनाहा खोला
- उत्तरमा रेसुङ्गा जंगल र दक्षिणमा अर्घाखाँचीको भगवती र मरेङ् गाविस
- २०६८ को जनगणनाअनुसार कूल जनसंख्या ३०,४७५ जना
  -पुरुष : १५,५८८ जना
  -महिला : १४,९८७ जना
- घरधुरी संख्या : ५२२४
- वडा संख्या : १५

## १.२ रेसुङ्गा नगरपालिकाको वडागत जनसंख्याको विवरण जनगणना २०६८ अनुसार

| वडा | साविक गाविस | घरधुरी | महिला | पुरुष | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|
| १ | तम्घास | ३२८ | ९५७ | ९९५ | १९५२ |
| २ | तम्घास | ३३१ | ९९६ | ९०८ | १८०४ |
| ३ | अर्खले | ४०४ | १२६४ | १३४४ | २६०८ |
| ४ | अर्खले | ५३० | १६१० | १६७० | ३२८० |
| ५ | अर्खले | ३५७ | १०१६ | १०७८ | २०९४ |
| ६ | अर्खले | २९१ | ७७६ | ८३३ | १६०९ |
| ७ | तम्घास | २०२ | ५४२ | ५७० | १११२ |
| ८ | तम्घास | २२४ | ६२५ | ६४९ | १२७४ |
| ९ | तम्घास | ४२१ | ११६५ | ११२९ | २२९४ |
| १० | तम्घास | ३०८ | ८५४ | ८८८ | १७४२ |
| ११ | सिमिचौर | ४५७ | ११६५ | १२९१ | २४५६ |
| १२ | सिमिचौर | ४८९ | १३४१ | १४६९ | २८१० |
| १३ | सिमिचौर | ३६२ | १०७२ | १०९४ | २१६६ |
| १४ | दुविचौर | ३२१ | ९४१ | ९८३ | १९२४ |
| १५ | दुविचौर | २२९ | ६६३ | ६८७ | १३५० |
| | कुल जम्मा | ५२५४ | १४८८७ | १५५५८ | ३०४७५ |

## १.३ रेसुङ्गा नगरपालिकाको आ.व. २०७२/७३ को उद्देश्य, नीति तथा कार्यक्रम

**उद्देश्य** : गरीबी न्युनीकरणका कार्यक्रम सञ्चालन गर्ने र न.पा..लाई संस्थागत रुपमा सवल र सक्षम बनाउदै लैजाने ।

**नीति तथा कार्यक्रम**

- कृषिमा आधारित व्यवसायलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
- वातावरणमैत्री दिगो विकासका कार्यक्रमलाई निरन्तरता दिने ।
- विनियमावली संशोधन र तम्घास फोहोरमैला तथा वातावरण व्यवस्थापन समितिलाई पुनर्गठन ।
- रेसुङ्गा नगरपालिकालाई घरभित्रको धुँवारहित नगरपालिका घोषणा गर्ने ।
- स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली र अन्य प्रचलित कानुनबमोजिम विषयगत र क्षेत्रगत कोषहरु स्थापना गरी कार्यसम्पादन प्रभावकारी बनाउने ।
- शहरी विकास तथा भौतिक पूर्वाधार नीतिअन्तर्गत सर्वोत्कृष्ट कार्य गर्ने टोल विकास संस्था र उपभोक्ता समितिलाई सम्मान गर्ने ।
- सामाजिक सुरक्षा भत्ताअन्तर्गत वितरण गरिंदै आएको बैंकिङ प्रणालीलाई थप पारदर्शी बनाइने ।
- सुशासन प्रवर्द्धन एवं कर्मचारी विकास नीति अन्तर्गत कर्मचारीको कार्यसम्पादन मुल्यांकन गरिने ।
- सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षणलाई नियमित गरिने र थप प्रभावकारी बनाइने ।
- दीर्घकालीन पूर्वाधार र संरचनाहरुको निर्माण गर्ने ।

- रेसुङ्गा विमानस्थलको काम छिटो गर्नका लागि सम्बन्धित निकायमा समन्वय गरी अगाडि बढाउने ।
- भवन निर्माण आचारसंहिता लागु गरिने ।
- भाषा,साहित्य,कला,संस्कतिको संरक्षण र विकास गर्ने ।
- बजारकेन्द्रहरु निर्माणका लागि योजना तर्जुमा गर्ने आदि ।

## १.४ प्राथमिकताहरु

- वातावरणमैत्री विकास कार्यक्रम अवलम्बन ।
- शहरी आधारभुत सेवाहरुको विकास गर्ने ।
- राजस्वका नयाँ श्रोतको पहिचान ।
- लक्षित वर्ग मैत्री कार्यक्रम सञ्चालन गरी उक्त वर्गको विकास गरिने ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका स्थानीय सरकार,संघसंस्थासंग भ्रातृत्वपूर्ण सम्बन्ध विस्तार गर्ने ।
- योजनाप्रक्रियासम्बन्धी सुचना प्रविधिको अधिकतम उपयोग गर्ने ।
- विपद व्यवस्थापन,योजना तर्जुमा र कार्यान्वयन गर्ने ।
- समुदायमा आधारित संघसंस्था समुहलाई क्रियाशिल बनाउने ।
- रेसुङ्गा विमानस्थल निर्माण छिटो सम्पन्न गर्न सहयोग गर्ने ।
- भाषा,कला,संस्कृतिको संरक्षण र विकास गर्ने ।
- न.पा.का लागि आवश्यक नियमावली,कार्यविधि,नगरक्षमता विकास योजना तयार गर्ने ।

## १.५ संस्थागत क्षमता

**जनशक्ति :**

- अधिकृत ३ जना
- ना.सु. ३ जना
- खरिदार : ६ जना
- सहायकस्तर : १ जना ,करार
- कार्यालय सहयोगी : १ जना
- कार्यालय सहयोगी : ४ जना करार
- सामाजिक परिचालक : ४ जना

# २. सामाजिक परीक्षणको उद्देश्य

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरूप स्थानीय निकायले प्रत्येक वर्ष सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था छ । साामाजिक उत्तरदायित्वको परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गरी प्राप्त अवस्था दर्शाउनुका साथै सुझाव एवं प्रतिक्रिया उपलब्ध गराउनु पनि यस कार्यक्रमको अर्को उद्येश्य रहेको छ । यसमा नगरपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यसअनुसार संचालित कार्यक्रम तथा आयोजनाले ल्याएको

सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने नीतिगत व्यवस्था र संस्थागत क्षमताको लेखाजोखा गरिएको छ । स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ अनुसार स्थानीय निकायका योजना,नीति,कार्यक्रम र सेवाप्रवाहले आर्थिक,सामाजिक विकासमा पारेको प्रभावको लेखाजोखा,विश्लेषण र आगामी दिनमा सुधार गर्नु यसको उद्देश्य हो ।

## ३. सामाजिक परीक्षण अध्ययन विधि

स्थानीय निकायको सामाजिक परीक्षण कार्यविधिमा तोकिएबमोजिम नै सामाजिक परीक्षणलाई अनुसन्धनात्मक ढंगबाट गरिएको थियो । सामाजिक परीक्षणका क्रममा रेसङ्गा नगरपालिका गुल्मीको वार्षिक नीति तथा कार्यक्रम, प्रगति प्रतिवेदन, वार्षिक प्रगति समीक्षा लगायतका प्रतिवेदनहरुको विश्लेषण तथा अध्ययन गरिएको छ । रेसङ्गा नगरपालिकाको कार्यालयका शाखा प्रमुखहरुसंग छलफल र भेटघाट विधिबाट सुचना संकलन र विश्लेषण गरिएको छ । त्यसैगरी उपभोक्ताहरु, सेवाग्राहीहरु ,उपभोक्ता समितिका प्रतिनिधि,ज्येष्ठ नागरिक लगाएत विभिन्न सरोकारवालाहरुसंग सूचना लिन समुह छलफल, अन्तर्वार्ता, प्रश्नोत्तर, भेटघाट, अन्तरक्रिया, व्यक्तिगत कुराकानी, स्थलगत भ्रमण, अवलोकन जस्ता विभिन्न विधिहरुको प्रयोग गरी सूचना संकलन गरिएको छ ।

त्यसैगरी सामाजिक परीक्षणको क्रममा संकलित प्राथमिक र विभिन्न निकायबाट प्राप्त सेकेन्डरी तथ्यांकको विश्लेषण पनि गरिएको छ । नगरपालिकाको माइन्युट, उपभोक्ता समिति र समुहहरुका निर्णय पुस्तिकाको अध्ययन पनि यो सामाजिक परीक्षणमा एउटा विधिको रुपमा प्रयोग भएको छ । यी विभिन्न विधिबाट प्राप्त सूचनाको आधारमा प्रारम्भिक प्रतिवेदनको तयार गरी विभिन्न सरोकारवालाहरुबिच प्रस्तुत गरी उनीहरुवाट प्राप्त सुझाव तथा प्रतिक्रियाहरुलाई समेत अन्तिम प्रतिवेदनमा समावेश गरिएको छ ।

### ३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- नगरपालिकाको नागरिक बडापत्र ।
- सरकारले जारी गरेका स्थानीय निकाय सम्बन्धी विभिन्न ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू ।
- स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्यहरु ।
- नगरपरिषद्बाट पारित वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत) ।
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना ।
- सार्वजनिक परिक्षण लगायत सार्वजनिक सुनुवाईका प्रतिवेदन ।
- वार्षिक प्रगति समिक्षा, कार्यपत्र तथा प्रतिवेदनहरू ।
- आर्थिक अभिलेख (स्वीकृत बजेट, निकासा रकम,बिल, भौचर, बैंक नगदी किताब लगाएतका अभिलेखहरु) ।

## ३.२ अन्तरवार्ता र समूह छलफल

रेसङ्गा नगरपालिकाका कार्यकारी अधिकृत,सम्पूर्ण शाखाका कर्मचारीहरुलगाएत,सामाजिक परिचालकहरुसँग अर्धसंरचित अन्तरवार्ता सम्पन्न गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गर्नुका साथै प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको थियो ।

## ३.३ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

निम्नअनुसारका शीर्षकमा केन्द्रीकृत रही प्रारम्भिक प्रतिवेदनमाथि छलफल गरिएको थियो ।

- रेसुङ्गा नगरपालिका गुल्मीको परिचय ।
- संस्थागत क्षमता ।
- उद्देश्य, नीति तथा कार्यक्रम ।
- सामाजिक जिम्मेवारी र कार्यसम्पादन ।
- प्राथमिकता तथा नीतिको आधारमा प्रगति विश्लेषण ।
- मुख्य उपलब्धि /सकारात्मक पक्षहरु ।
- सुधारात्मक पक्षहरु ।
- सामाजिक परीक्षणको क्रममा सम्पन्न क्रियाकलापहरु ।
- खुल्ला छलफल र सुझाव संकलन ।
- प्रतिवेदनको विषयमा खुल्ला छलफलमा उठेका सुझावहरु तथा जिज्ञासाहरुको विषयमा सामाजिक परीक्षकको जवाफ र अन्तिम प्रतिवेदनमा सुझाव समावेश गर्ने प्रतिबद्धता ।
- कार्यालयको समग्र कार्यसम्पादनको विषयमा सहभागीहरुले राखेका जिज्ञासाप्रति नगरपालिकाका कार्यकारी अधिकृतको जवाफ,सेवाप्रवाहमा आवश्यक सुधार गर्ने प्रतिबद्धता ।
- निष्कर्ष र समापन ।

## ४. अध्ययनको सीमा

यस सामाजिक परीक्षणको अनुसन्धानमुलक अध्ययनका क्रममा समय, बजेट तथा श्रोतको सीमितताका कारण जिल्लास्थित सम्पूर्ण कार्यालयहरु लगायत गैह्रसरकारी संस्थाहरूलाई अध्ययनको क्षेत्रभित्र समेट्न सकिएको छैन । त्यस्तै गरी रेसुङ्गा नगरपालिका गुल्मीले संचालन गरेका सबै योजनाहरुको अवलोकन भ्रमण गरिएको नभई केही योजनाहरुको अवलोकन र उपभोक्ताहरुसंगको छलफल तथा जिल्लामा क्रियाशील राजनैतिक दलका प्रतिनिधिहरु, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, गैससका प्रतिनिधिहरु, पत्रकारहरु तथा अन्य सरोकारवालाहरुबिच प्रारम्भिक प्रतिवेदन पेश गरी उठेका विषयवस्तुलाई मात्र समेट्ने प्रयास गरिएको छ ।

## ५. बृहत् छलफल कार्यक्रमको विवरण

**क) मिति** : २०७२।०७।२८ गते
**ख) स्थान** : रेसुङ्गा न.पा.को सभाहल,तम्घास गुल्मी
**ग) समय** : दिउँसो २:०० बजेदेखि ०५ बजेसम्म
**घ) अध्यक्षता** : बाबुराम पल्ली कार्यकारी अधिकृत, रेसुङ्गा न.पा
**सञ्चालन** : राधिका पाण्डेय, रेसुङ्गा नगरपालिकाको कार्यालय प्रतिनिधि
**प्रतिवेदन प्रस्तुतकर्ता** : हीरा कुवँर ,सामाजिक परीक्षक
**ङ) सहभागी संख्या** : ४५ जना
**च)छलफलमा सहभागीबाट आएका मुख्य मुख्य सुझाव तथा प्रश्नहरु**

| क.स. | प्रश्नकर्ताको नाम,ठेगाना | प्रतिनिधित्व गरेको संस्था | प्रश्न /जिज्ञासा/सुझाव | जवाफ<br>-कार्यकारी अधिकृत बाबुराम पल्ली _ |
|---|---|---|---|---|
| १ | श्री गुणनिधि शर्मा | नेकपा एमाले | -कार्यालयले मौखिक गुनासोको समेत रेकर्ड राख्नुपर्‍यो ।<br>-उपभोक्तासमितिहरुको गठन,योजनाको अनुगमन र सार्वजनिक परीक्षण कार्यविधि अनुसार हुनुपर्‍यो ।<br>-उपभोक्ता समितिहरुलाई योजना कार्यान्वयनपूर्व अनुशिक्षण हुनुपर्दछ । | -कार्यालयले गुनासो अभिलेख र व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउनेछ ।<br>-कार्यालयबाट उपभोक्ता समितिहरुलाइ अनुशिक्षण दिइदै आइएको छ । कमी भएमा आगामी दिनमा थप गरिनेछ । |
| २ | श्री घनश्याम पाण्डेय | नयाँशक्ति नेपाल | -वडागत योजनाहरुमा सन्तुलन हुनुपर्दछ -योजना छनौटमा स्थानीय जनताको सहभागिता कम भएको छ तसर्थ यसलाई सुधार गर्नुपर्दछ । | -वडा नागरिक मञ्च नहुँदा पनि विगतमा यस्ता समस्या आएका होलान् ।<br>-अहिले व.ना.म. गठन भइसकेकोले यसमा थप सुधार हुनेछ । |
| ३. | श्री चन्द्रकान्त पन्थी | प्राध्यापक, रेसुङ्गा बहुमुखी क्याम्पस | -उपभोक्ता समितिलाई अनुशिक्षण हुनुपर्‍यो<br>-योजनाको काम समयमा भए नभएको बारे नगरपालिकाले अनुगमन गर्नुपर्‍यो ।<br>-बजेट विनियोजन गर्दा सन्तुलित | -अनुशिक्षणहरु दिँइदै आइएको छ ।<br>-कमी भएमा यसमा सुधार गरिनेछ । |

| | | | | |
|---|---|---|---|---|
| | | | हुनुपर्‍यो । | |
| ४ | श्री हिराबहादुर बस्नेत | रे.न.पा.-१२ | -नगरपालिकाबाट योजना वितरण गर्दा थोरै थोरै रकमको धेरै वटा योजना भन्दा धेरै रकमको एकमुष्ट योजना ल्याउनुपर्‍यो ।<br>-अनुगमनलाई प्रभावकारी बनाउनुपर्‍यो | -वडागत सन्तुलन मिलाउँदा यस्तो हुन गएको हो । |
| ५ | श्री भेषराज पन्थी | रे.न.पा.-४ | -विनियोजित बजेट सम्बन्धित क्षेत्रमा नै खर्च गर्नुपर्‍यो । | -नगरपाालिकाले सम्बन्धित क्षेत्रमा नै खर्च गर्नका लागि उपभोक्ता समितिलाई अनुशिक्षण गर्दै आएको छ । |
| ६. | श्री तेजबहादुर टण्डन | रे.न.पा.-१४ | -नगरपालिकाको योजनाका काम समयमै गर्नुपर्‍यो । | - कार्यालयले समयमा नै कार्य समपादन गरेको छ । |
| ७. | श्री पूर्णलाल श्रेष्ठ | रे.न.पा.-८ | -घरभित्रको धुवाँरहित न.पा. को नीतिको कार्यान्वयन भएन । | -धुँवारहितको नगरपालिका घोषणा गर्नको लागि सबै काम पुरा भएको छ । अब यस आर्थिक वर्षमा घोषणा गरिनेछ । |
| ८. | श्री चेतमान कुवँर र श्री कमला बस्नेत | रे.न.पा.-३ | -लक्षित वर्गको कार्यक्रमसंगै तालिमहरुको समेत व्यवस्था हुनुपर्‍यो । | -नगरपालिकाबाट तालिमको लागि छुट्टै बजेटको व्यवस्था छैन,उपभोक्ता समितिको निर्णयबाट सोही बजेटको रकमबाट नै मिलाएर तालिम गर्न सकिन्छ । |

उक्त सुझाव तथा जिज्ञासाहरुको विषयमा रेसुङ्गा नगरपालिकाका कार्यकारी अधिकृत बाबुराम पल्ली र सामाजिक परीक्षक हीरा कुवँर बाट जवाफ दिइयो । उक्त छलफलमा उठेका सवाल र सुझावहरुलाई सामाजिक परीक्षकले अन्तिम प्रतिवेदनमा समावेश गर्ने र कार्यालय प्रमुखले कार्यसम्पादनको विषयमा सुधार गर्ने प्रतिवद्धता जनाएपछि कार्यक्रमको समापन गरिएको थियो ।

## ६.नगरपालिकाले आ.व.२०७२/७३ मा सम्पन्न गरेका कार्यक्रम तथा योजनाहरुको विवरण

### ६.१ योजनाहरुको विषयगत विश्लेषण

| क.सं | योजनाको विवरण | जम्मा योजना संख्या |
|---|---|---|
| १ | मोटरबाटो निर्माण तथा मर्मत | ३६ वटा |
| २ | भवननिर्माण तथा मर्मत | ८ |
| ३ | खानेपानी-सिंचाई-ढलनिर्माण | २१ |
| ४ | कृषि तथा पशुपालन | १५ |
| ५ | बालबालिका लक्षित | २९ |
| ६ | महिला लक्षित | १६ |
| ७ | दलित लक्षित | १५ |
| ८ | जनजाति लक्षित | १५ |
| ९ | अपाङ्ग लक्षित | २ |
| १० | जेष्ठ नागरिक | १ |
| ११ | मुस्लिम | २ |
| १२ | अन्य( बजारप्रवर्द्धन,पर्यटन,विपद व्यवस्थापन) | २४ |
| | **जम्मा संख्या** | **१८४** |

## ६.२ योजना वितरणमा वडागत सन्तुलन

| वडा नं. | भौतिक पूर्वाधार | प्रवर्द्धनात्मक | महिला लक्षित | बालबालिका लक्षित | दलित विकास कार्यक्रम | अपाङ्ग लक्षित | आदिवासी | जेष्ठ नागरिक | कृषि कार्यक्रम | मुस्लिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | २ | १ | १ | १ | ० | १ | ० | १ | १ | १० |
| २ | २ | ३ | १ | २ | १ | ० | १ | ० | १ | ० | ११ |
| ३ | १ | २ | १ | १ | १ | ० | १ | ० | १ | ० | ९ |
| ४ | २ | २ | १ | ५ | १ | ० | १ | ० | १ | ० | १३ |
| ५ | १ | ३ | १ | २ | १ | ० | १ | ० | १ | ० | १० |
| ६ | २ | ३ | १ | २ | १ | ० | १ | ० | १ | ० | ९ |
| ७ | १ | २ | १ | २ | १ | ० | १ | ० | १ | ० | ९ |
| ८ | १ | २ | १ | १ | १ | ० | १ | ० | १ | ० | ८ |
| ९ | १ | २ | १ | १ | १ | ० | १ | ० | १ | ० | ८ |
| १० | ३ | २ | १ | १ | १ | १ | १ | ० | १ | ० | ११ |
| ११ | २ | २ | १ | ४ | १ | ० | १ | ० | १ | ० | १२ |
| १२ | ५ | २ | १ | १ | १ | ० | १ | ० | १ | ० | १२ |
| १३ | २ | ३ | १ | १ | १ | ० | १ | ० | १ | ० | १० |
| १४ | २ | २ | १ | २ | १ | ० | १ | ० | १ | ० | १० |
| १५ | १ | २ | १ | २ | १ | ० | १ | ० | १ | ० | ९ |
| संयुक्त | ९ | २० | १ | १ | १ | १ | ० | १ | ० | १ | ३० |
| **जम्मा** | **३५** | **५४** | **१६** | **२९** | **१५** | **२** | **१५** | **१** | **१५** | **२** | **१८४** |

माथिको तथ्यांकअनुसार योजनाको वडागत सन्तुलनमा केही कमि भएको देखिन्छ । यहाँ नगरपालिकाको वडा नं. ४ मा सबभन्दा बढी १३ वटा योजनाहरु वितरित छन् । यसैगरी वडा नं. २,११ र १२ मा पनि अन्य वडाको तुलनामा केही बढी योजनाहरु वितरित भएको देखिन्छ। नगरपालिककाको वडा नं. ७,८ र ९मा योजनाहरुको संख्या कम वितरित भएको देखिन्छ । यसरी कुनै वडामा एकदमै धेरै योजना र कुनै वडामा थोरै संख्याका योजनाहरु वितरित गर्नुभन्दा जनसंख्या लगाएत विभिन्न आधार तय गरी सन्तुलित रुपमा योजनाको बाँडफाँड गर्नुपर्ने देखिन्छ ।

# ६.३ प्राथमिकता तथा नीतिको आधारमा प्रगति विश्लेषण

| क.सं | प्राथमिकताहरु | उपलब्धि/प्रगति |
|---|---|---|
| १ | वातावरणमैत्री विकास कार्यक्रम अवलम्बन | जनचेतनामुलक कार्यक्रम र नगर सरसफाइका विभिन्न कार्यक्रम सम्पन्न |
| २ | शहरी आधारभुत सेवाहरुको विकास गर्ने | |
| | क.सडक | ३६ वटा योजना |
| | कच्ची सडक | १.३.किमि |
| | ग्राभेल | १.२ किमि |
| | कालो पत्रे | ०.२२ किमि |
| २.२. | ख.खानेपानी सुविधा विस्तार | २६ वटा योजना सम्पन्न |
| २.३ | ग.ढलनिकास | ........निर्माण.......मर्मत..... |
| २.४ | घ.सरसफाई तथा वातावरण संरक्षण | |
| २.५ | ङ सिंचाइ सुविधा विस्तार | ०.०५ किमि |
| २.६ | राजस्वका नयाँ श्रोतको पहिचान | *८ लाख राजस्व वृद्धि (गत वर्षको तुलनामा)* |
| ३ | लक्षित वर्ग मैत्री कार्यक्रम सञ्चालन गरी उक्त वर्गको विकास गरिने | |
| | बालबालिका लक्षित योजना संख्या | २९ वटा |
| | महिला लक्षित | १६ वटा |
| | जेष्ठ नागरिक लक्षित | १ वटा |
| | दलित लक्षित | १५ वटा |
| | जनजाति लक्षित | १५वटा |
| | अपाङ्ग | २ वटा |
| | मुस्लिम | २ वटा |
| | विपन्न तथा सिमान्तकृत | छैन |
| ४ | .राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका स्थानीय सरकार,संघसंस्थासंग भ्रातृत्वपूर्ण सम्बन्ध विस्तार गर्ने । | समन्वय गर्ने काम भएको । |
| ५. | योजनाप्रक्रियासम्बन्धी सुचना प्रविधिको अधिकतम उपयोग गर्ने । | योजनास्थलमा होर्डिङबोर्ड,सार्वजनिक परीक्षण आदि मार्फत सार्वजनिक गरिएको । |
| ६. | विपद व्यवस्थापन,योजना तर्जुमा र कार्यान्वयन गर्ने । | विपद व्यवस्थापनसम्बन्धी योजना बनेको र कार्यान्वयन भएको । |
| ७. | .समुदायमा आधारित संघसंस्था समुहलाई क्रियाशिल बनाउने । | सामाजिक परिचालन कार्यक्रममार्फत क्रियाशिलतामा नियमितता दिइएको । |
| ८ | रेसुङ्गा विमानस्थल निर्माण छिटो सम्पन्न गर्न सहयोग गर्ने । | रु ४ लाख बजेट विनियोजन । |

## ७. सामाजिक सुरक्षा र पञ्जीकरण

### ७.१ आर्थिक वर्ष २०७२/७३सा.सु भत्ताअन्तर्गत वितरित रकम,संख्या र लगतकट्टा लगाएतको विवरण

| विवरण | आब ०७२।७३ मा भत्ता प्राप्त गर्ने संख्या | लगत कट्टा गरिएको संख्या | खर्च रकम ९रु। हजारमा० | फ्रिज रकम ९रु। हजारमा० | आ।ब ०७३।७४ मा भत्ता वितरण गर्नु पर्ने संख्या |
|---|---|---|---|---|---|
| औषधि उपचार वृद्धवृद्धा | १२९३ | ६९ | ५५४३।६ | ११४३ | १२८७ |
| बृद्ध भत्ता | १३३० | ७९ | ७९८० | | १३१९ |
| अपाङ्ग भत्ता | ८६ | ३ | ५९४ | | ९५ |
| एकल महिला भत्ता | ७६६ | ८ | ४२५४ | | ७८८ |
| लोपोन्मुख भत्ता | ० | ० | ० | | ० |
| बाल संरक्षण अनुदान | २९५ | ० | ४७७।६ | २३०।४ | २७२ |
| कुल | | | १८८४९।२ | १३७३।४ | |

### ७.२ पञ्जीकरण अभिलेख

| विवरण | दर्ता संख्या |
|---|---|
| जन्म दर्ता | ६०८ |
| विवाह दर्ता | २२९ |
| बसाई सराई दर्ता | ५६ |
| सम्बन्ध विच्छेद | ४ |
| मृत्यु दर्ता | १३६ |

## ८.सुशासन अभिवृद्धि ,जवाफदेहिता र पारदर्शिता

### ८.१ नगरपालिकाले आ.व. २०७२/७३ मा सम्पन्न गरेको सार्वजनिक सुनुवाईको विवरण

| सम्पन्न मिति | उपस्थिति | स्थान | जिज्ञासा-प्रश्न | प्रतिबद्धता | Exit poll | CRC |
|---|---|---|---|---|---|---|
| २०७२-०७-२३ | १०२ जना | तम्घास | १२ वटा | ६ | ५४ | ५४ |
| २०७२-११-२३ | १३७ जना | तम्घास | १६ वटा | ६ | ५० | ५० |
| २०७३-०३-०९ | १३५ जना | तम्घास | ५ | ७ | ५० | ५० |

### ८.२ अन्य सकारात्मक पक्ष

- नागरिक वडापत्र,सुचना पाटी,गुनासो पेटिका,गुनासो सुन्ने अधिकारीको राम्रो व्यवस्था भएको ।
- सेवाग्राहीहरुका गुनासो तथा सुझावको अभिलेखनका लागि तेस्रो पक्षबाट बहिर्गमन पत्र र नागरिक प्रतिवेदन पत्र भर्ने काम गरिएको ।
- गुनासोहरुको तत्काल व्यस्थापन गर्ने गरिएको ।
- रेडियो,पत्रपत्रिका मार्फत कार्यालयका गतिविधि तथा सुचनाहरु सार्वजनिक गरिएको ।
- कार्यालयका गतिविधिमा जनसहभागिता राम्रो भएको ।
- निर्णय प्रक्रियामा आम जनताको प्रतिनिधित्व र सहभागिता राम्रो भएको ।
- मासिक रुपमा आयव्यय सार्वजनिक गर्ने गरिएको ।

## ९.समग्रमा सामाजिक परीक्षणबाट देखिएका मुख्य मुख्य सवल पक्षहरु

- .वडा नागरिक मञ्च गठन गरिएको ।
- आर्थिक वर्ष २०७२/७३ को नीति तथा प्राथमिकतामा उल्लेख भएअनुसार (बजेट नं. २१)नगरपालिकाको कर्मचारी प्रशासन नियमावली,कल्याणकोष व्यवस्थापन नियमावली र विपद व्यवस्थापन नियमावली बनेको ।
- नगरपालिकाको सामाजिक परीक्षण गरिएको ।
- नगरपालिकालाई खुल्ला दिशामुक्त,पूर्ण साक्षर र पूर्ण खोपयुक्त न.पा घोषणा गरिएको ।

- Building code लागु गरिएको ।
- सबै योजनाहरुको सार्वजनिक परीक्षण गरिएको ।
- मन्त्रालयले तोकेबमोजिम मासिक रुपमा आय व्यय सार्वजनिक गरिएको ।
- योजनास्थलमा होर्डिङ्ग बोर्ड राखिएको ।
- उपभोक्ता समितिहरु समावेशी बनाइएको ।
- गुनासोहरुको तत्काल व्यवस्थापन गर्ने परिपाटीको विकास भएको ।
- सार्वजनिक सुनुवाई व्यवस्थित रुपमा सञ्चालन गरिएको ।
- मासिक रुपमा आयव्यय सार्वजनिक गरिएको ।
- धेरैजसो योजनामा अनुगमन तथा सहजीकरण समिति गठन गरिएको आदि ।

## १०. सामाजिक जिम्मवारी पुरा गर्न नगरपालिकाले चाल्नुपर्ने कदमहरु

### १०.१.योजना सम्बन्धमा

- योजना कार्यान्वयनमा कार्यविधि बमोजिमको उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समिति नगरपालिकाको कर्मचारीको उपस्थितिमा गठन गरेर मात्र सम्झौता गर्नुपर्ने ।
- नगरस्तरीय सुपरिवेक्षण तथा अनुगमन समिति लाई नियमित र क्रियाशिल बनाउनुपर्ने ।
- नगरपालिका र प्राविधिकबाट गरिएको अनुगमनको लिखित सुझावसहितको रेकर्ड राख्ने व्यवस्था गर्नुपर्ने
- लक्षित वर्गको बजेट सम्बन्धित क्षेत्रमा नै खर्च गर्नुपर्ने ।
- योजनाको डिजाइन स्टिमेट नेपाली भाषामा तयार गर्नुपर्ने ।
- आयोजनाहरुको सार्वजनिक परिक्षण सबै उपभोक्तालाई सुचित गरेर व्यवस्थित तवरले गर्नुपर्ने र नगरपालिकाको समेत सहभागिता हुनुपर्ने ।
- बजेट फ्रिज हुन नदिन समयमै पहल गरिनुपर्ने ।
- उपभोक्ता समिति र अनुगमन समितिलाई योजना कार्यान्वयन पूर्व सामुहिक अनुशिक्षण गर्नुपर्ने ।
- सबै आयोजनास्थलमा होर्डिङबोर्ड राख्ने कार्यलाई अनिवार्य गरिनुपर्ने ।
- योजना छनौट गर्दा त्यसको उपलब्धि र दीर्घकालीन प्रभावमा समेत ध्यान दिनुपर्ने ।

### १०.२.सुशासन र पारदर्शिता सम्बन्धमा

- सेवाग्राहीका लिखित तथा मौखिक गुनासोको अभिलेखन र व्यवस्थापन गर्नुपर्ने ।
- नगरपालिकाको वेभसाइट अद्यावधिक गर्नुपर्ने ।
- नगरपालिकाका गतिविधिबारे सर्वसाधारणलाई जानकारीका लागि नियमित रुपमा वडाभेला,सुचना प्रकाशन,रेडियो कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- चौमासिक/मासिक रुपमा प्रगति किताब,बुलेटिन प्रकाशन गर्नुपर्ने ।
- विद्युतीय वडापत्रको व्यवस्था गर्नुपर्ने ।
- नागरिक प्रतिवेदन पत्र वडा तहमा भराउनुपर्ने । (न.पा.को कार्यालयमा मात्र भर्ने गरिएको )

## १०.३.कार्यालय सञ्चालन र व्यवस्थापन

- कार्यालयको कामको प्रगति र कर्मचारीको कार्यसम्पादनको नियमित समीक्षा र मुल्यांकन गरी आवश्यक सुधार गर्नुपर्ने ।
- कार्यसम्पादन समयमै गर्नुपर्ने ।
- कर्मचारीको क्षमताविकास सम्बन्धी कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने ।
- कर्मचारीहरुलाई अवलोकन भ्रमण,क्षमता विकासका तालिमहरु
- दिनुपर्ने ।

## १०.४ सामाजिक सुरक्षा

- सामाजिक सुरक्षा भत्ता सम्बन्धित बैंक मार्फत वडातहमा वितरणको व्यवस्था मिलाउनुपर्ने ।
- बैंकमार्फत वितरण गर्दा प्रत्येक वडाको अलग अलग मिति निर्धारण गर्दा सेवाग्राहीलाई सजिलो हुने ।

## १०.५ अन्य

- बाल श्रमिकको तथ्यांक संकलन गर्नुपर्ने /बालश्रमिक लक्षित कार्यक्रम सञ्चालन गरिनुपर्ने ।
- लक्षित कार्यक्रमअन्तर्गत जनचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने ।
- कार्यालयको अभिलेख प्रणालीलाई थप व्यवस्थित बनाउनुपर्ने ।

**निष्कर्ष :** समग्रमा यस रेसुङ्गा नगरपालिकाको कार्यालयले पुरा गर्नुपर्ने सामाजिक जिम्मेवारी र दायित्व बहन गरेको छ । सिमित स्रोत,साधन र जनशक्तिको बाबजुद पनि कार्यालय व्यवस्थापन र सञ्चालन,योजनाको वितरण र कार्यान्वयन,सुशासन र सार्वजनिक जवाफदेहिता लगाएतका विभिन्न क्षेत्रमा कार्यालयले थुप्रै उदाहरणीय कार्यहरु गरेको छ । यस नगरपालिकाको समग्र कार्यसम्पादनको अवस्थालाई हेर्दा विभिन्न कार्यविधि र निर्देशिकामा उल्लेख समयसीमा र प्रक्रियाको पालनामार्फते आफ्नो जिम्मेवारी समयमै पुरा गरेको देखिन्छ । छोटो अवधिमा नगरपालिकाले उल्लेख्य जनसहभागितामा पूर्वाधार विकास,जनचेतना अभिवृद्धि र सामाजिक विकासका धैरै कामहरु सम्पन्न गरेको छ । अझ यी कामलाई व्यवस्थित गर्न यस सामाजिक परीक्षणले औंल्याएका सुधारात्मक पक्षहरुलाई व्यवहारमा कार्यान्वयन गर्न सकेमा कार्यालयको सेवा थप प्रभावकारी हुने देखिन्छ ।

(हीरा कुवँर )
सामाजिक परीक्षक

# अनुसूचीहरु

## अनसुची १.योजनाको स्थलगत सर्वेक्षणका केही झलकहरु









# अनुसुची २.आमभेलाको तयारी बैठक



# अनुसुची ३.सामाजिक परीक्षण आमभेलाको एक झलक

आमभेलामा आफ्ना जवाफहरु राख्दै कार्यकारी अधिकृत श्री बाबुराम पल्ली




आमभेलामा प्रतिवेदन प्रस्तुत गर्दै सामाजिक परीक्षक हीरा कुवँर





आमभेलामा प्रश्न तथा जिज्ञासा राख्दै सहभागीहरु





## अनुसुची ४.कार्यालयको नागरिक वडापत्र र कार्यालय भवन






# अनुसुची ५.स्थलगत सर्वेक्षण र आमभेलाका माइन्युटहरु